

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ६ गते आइतबार ❑ 22 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सामाजिक सुरक्षाको प्रत्याभूति गराउने कार्यमा लगानी कोष

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

नागरिक लगानी कोषले सामाजिक सुरक्षाको प्रत्याभूति गराउने कार्य गरेको छ।

कोषको शाखा कार्यालय पोखराले आयोजना गरेको नागरिक पेन्सन योजना सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले सो कुरा बताएका हुन् । उनले सामाजिक सुरक्षा सबै नागरिकलाई आवश्यक भएको बताउँदै सामाजिक सुरक्षाका कार्यक्रम राम्रो भएको देशमा मात्रै आम नागरिक खुसी हुने बताए । कोषले प्रदान गर्दै आएको नागरिक पेन्सन योजना लगायतका अन्य कार्यक्रमले मात्रै सबै नागरिकलाई तनावरहित बनाउन सहयोग पुऱ्याउने उनको भनाइ थियो । सोही कारण भविष्यमा आफूसँग केही पनि हुन नसक्ने अवस्था आउन नदिनको लागि आम नागरिक, निजी क्षेत्र, संगठित क्षेत्रमा कार्यरत सबैलाई उनले कोषले सञ्चालन गरेको नागरिक पेन्सन योजनामा सहभागी हुन आग्रह गरे । सो अवसरमा पोखरा उद्योग वाणिज्य



संघका अध्यक्ष गोकर्ण कार्कीले कोषसँग सहकार्य गर्न निजी क्षेत्रले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । राज्यले एउटै प्रकृतिको ३ वटा कोष सञ्चालन गरेको हुँदा कसमा जाने भन्ने अवस्था आएको भन्दै त्यसलाई लगानी कोषले स्पष्ट बनाउनु पर्ने उनको धारणा थियो। कार्यक्रममा विभिन्न क्षेत्रबाट सहभागी भएकाहरुले कोषले सञ्चालन गरिरहेका कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोष, नागरिक पेन्सन योजना, उपदान योजना, आवास कर्जा, सरल कर्जा ८० प्रतिशत ऋण सापटी र नागरिक एकांक योजनाका बारेमा प्रश्न राखेका थिए। त्यस्ता प्रश्नहरुको विशेष अतिथिको रूपमा कोषको का.मु.नायव कार्यकारी निर्देशक शोभा श्रेष्ठले सम्बोधन गर्दै कोषले सञ्चालन गरिरहेको कार्यक्रमहरुको बारेमा जानकारी दिएकी थिइन्। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष किन स्थापना भएको भन्ने प्रश्नमा यी तिनै वटा संस्था छुट्टाछुट्टै प्रकृतिको भएको र संस्था स्थापना गराउने कार्य नेपाल सरकराले गरेको हुँदा आवश्यकता देखेर नै संस्था स्थापना भएको उनले बताइन् । स्वास्थ्य बिमा कार्यक्रमको सम्बन्धमा राखिएको प्रश्नमा कोषले अहिले उक्त कार्यक्रम सञ्चालन नगरेको उनले स्प्ष्ट पारिन्। राष्ट्र सेवक कर्मचारीहरुको बिमा कार्यक्रम बारे कोषले २०७५ सालसम्म मात्रै बिमाको कार्यक्रम सञ्चालन गरेको बताउँदै त्यसपछि नेपाल सरकारको निर्णय अनुसार कोषले त्यस्ता कर्मचारीहरुको रकम संकलनको कार्य मात्रै गरिरहेको र त्यसको भुक्तानी राष्ट्रिय जीवन बिमा कम्पनीले गर्ने गरेको जानकारी उनले दिइन् । कोषले संकलन गरेको रकम प्रत्येक वर्षको साउन ७ गते भित्र राष्ट्रिय जीवन बिमा कम्पनीलाई पठाउने व्यवस्था गरेको उनको भनाइ थियो।

उपदान कोषमा १५ प्रतिशत कर लिएको सम्बन्धमा २०७५ सालसम्म कोषले ५ प्रतिशत मात्रै कर कट्टी गर्ने गरेकोमा त्यसपछि सरकारले १५ प्रतिशत कर लिने व्यवस्था गरे पनि अदालतले ५ प्रतिशत मात्रै कर कट्टी गर्न दिएको आदेशको पालाना कोषले गरिरहेको जानकारी नायव कार्यकारी निर्देशक श्रेष्ठले दिइन्। शाखा कार्यालय पोखराका प्रमुख नवराज गौतमले शाखाले सञ्चालन गरिररहेका सेवाहरुको बारेमा जानकारी दिएका थिए । उनले कोषले सेवाग्राहीलाई दिने ब्याजको अक्तिरिक्त प्रतिफल दिने एवं दूर्घटना बिमा समेत उपलब्ध गराउँदै आएको बताए। उनले सहभागीहरुलाई घर, जग्गा अपार्टमेन्ट खरिद गर्न र घर बनाउनको लागि कोषले लगानी गरिरहेको जानकारी दिएका थिए।

## आर्थिक संकटबाट जोगाउन कांग्रेस-एमालेको सरकार बनेको हो : सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, ५ असोज

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले देशलाई आर्थिक सङ्कटबाट जोगाउनको लागि नेपाली कांग्रेस- एमालेको संयुक्त सरकार गठन भएको बताएका छन्।

लमजुङ-बेँसीसहर नगरपालिका- ७ मा शनिबार एमाले लमजुङको तेस्रो बैठक सरकारले देशलाई विकासको बाटोमा अघि बढाउन नसकेपछि दुई ठूला दलले सरकारको नेतृत्व लिएका बताए । उनले भने, "वर्तमान सरकारले मुलुकको अर्थतन्त्रको विकास तथा राष्ट्र निर्माणमा केन्द्रित भएर काम गर्नेछ। सञ्चारमन्त्री



गुरुङले कांग्रेस-एमाले नेतृत्वको वर्तमान सरकारले नै संविधान संशोधन गर्ने दाबी गरे। सविधान जारी भएपछि १० वर्षमा संविधानको पुनरावलोकन गर्न सकिने संवैधानिक व्यवस्था रहेको बताउँदै उनले आवश्यकताअनुसार राष्ट्रिय सहमतिमा संविधान संशोधन हुँदै जाने तर अहिले बाहिर चर्चा गरिएको जस्तो संविधानका मुलभूत विशेषतामा परिवर्तन नहुने स्पष्ट गरे। मन्त्री गुरूङले भने, खासगरी सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिक प्रणालीका विषयमा छलफल हुँदैन, ती विषय संविधानबाट हटाउने कुरा कल्पना पनि गर्न सकिदैन। उनले जिल्ला समन्वय समिति खारेज गर्न आवश्यक भएको तथा पालिकाहरु घटाउनुपर्ने बताए।

एमाले केन्द्रीय सदस्य जमिन्द्रमान घलेले वर्तमान सरकारले मुलुकको विकासका लागि काम गरिरहेको बताए।

## पोखरामा एक महिनामै ६ गुणाले बढ्यो डेंगु संक्रमण

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

कास्कीको पोखरा महानगरपालिकामा गत भदौ पहिलो सातायता डेंगु सङ्क्रमण छ गुणाले बढेको छ।

भदौ पहिलो साता डेंगु सङ्क्रमितको संख्या सात सयको आसपास रहेकामा महिना दिनमा बढेर चार हजार चार सय ३३ पुगेको हो । महानगरको स्वास्थ्य महाशाखाका अनुसार सङ्क्रमितको उक्त कुल संख्या गत पुसयताको हो।

महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले सङ्क्रमितको स८्या ३१ सयबढी पुग्न नदिइ डेंगु रोकथाम गर्ने लक्ष्य लिइएका उक्त लक्ष्य पूरा गर्न नसकिएको बताए । 'पछिल्लो एक महिनामा डेंगु सङ्क्रमण ह्वात्तै बढ्यो, यही अवस्था रहिरहे पाँच हजार बढीमा सङ्क्रमण देखिन सक्छ', उनले भने, 'प्रत्येक




व्यक्तिले सावधानी नअपनाएसम्म डेंगु रोकथाम चुनौतीपूर्ण छ ।' गतवर्ष पोखरा महानगरपालिकाका ती हजार तीन सय ७० जनामा डेगु सङ्क्रमण पुष्टि भएको थियो। कात्तिक महिनासम्म सङ्क्रमणको जोखिम रहने भएकाले यो वर्ष सङ्क्रमितको स८्या अझै बढ्नसक्ने देखिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए । उनका अनुसार डेंगु सङ्क्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको छ। पोखरा महानगरपालिका-५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको डेंगु कारण मृत्यु भएको उनले जानकारी दिए । पोखरा महानगरपालिका-नं ५, ८ लगायतका वडा डेंगुबाट बढी प्रभावित भएको स्वास्थ्य महाशाखाले जनाएको छ।

जनघनत्व बढी भएका ठाउँमा डेंगु छिटो फैलिने हुँदा महानगरको मुख्य सहरी क्षेत्रमा सङ्क्रमण तीव्र बनेको हो। सङ्क्रमण तीव्र बन्दै जाँदा उक्त रोग लाग्नबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन् । स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख रामबहादुर नेपालीले सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेंगु रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै उक्त रोगबाट बच्ने उत्तम उपाय भएको बताए। प्रमुख नेपालीले असारदेखि कात्तिकसम्म डेंगुको सङ्क्रमण बढी फैलने बताए । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेंगुले महामारीको रुप लिनसक्ने प्रमुख नेपालीले बताए । 'डेंगुलाई सामान्य रुपले नसोचौं, यसका अप्रिय उदाहरण हामीसँग छन्', उनले भने, 'डेंगु भइसकेपछि धेरै पीडा र दर्द हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ ।' डेंगु रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ। चार प्रकारको भाइरसबाट मानिसमा डेंगु


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकी प्रदेश जिम्न्याष्टिक संघमा योगेन्द्र, कास्कीमा सोम

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

गण्डकी प्रदेश जिम्न्याष्टिक संघको शनिवार सम्पन्न प्रथम अधिवेशनले योगेन्द्र गुरुङको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको छ।

समितिको उपाध्यक्षमा राजु केसी, महासचिवमा प्रकाशचन्द्र सापकोटा, कोषाध्यक्षमा राजु कायस्थ, सचिवमा श्रीष गुरुङ, सहकोषाध्यक्षमा सिता काफ्ले रेग्मी चयन हुनुभएको छ।



समितिको सदस्यहरुमा थमन थापा, मनिष श्रेष्ठ, विनोद गुरुङ, रविन्द्र तभ्र्mया, विक्रम केसी, निरु भट्टराई, समिक्षा वुढाथोकी, विशाल पुन र दिलिप गुरुङ चयन


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## प्रत्यक्ष निर्वाचित राष्ट्रपति समानुपातिक निर्वाचन प्रणाली चाहिन्छ: अध्यक्ष प्रचण्ड

रासस
काठमाडौ, ५ असोज

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको 'एजेण्डा'लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्।

अखिल नेपाल ट्रेड यूनियन




महासङ्घले शनिबार आयोजना गरेको 'राजनीतिक वैचारिक प्रशिक्षण' मा अध्यक्ष दाहालले संविधान निर्माणका क्रममा फरक मतका रुपमा प्रस्तुत पार्टीको प्रस्तावलाई नै अघि सारिने बताए।

वर्तमान संविधानमार्फत जनताले पाएका अधिकार केही शक्तिलाई मननपरेको टिप्पणी गर्दै अध्यक्ष उनले संविधान संशोधनका नाममा जनताका अधिकार खोस्न खाजेको आरोप लगाए ।


बाँकी अन्तिम पृष्ठमा ▶▶

# पर्वतीय दौडलाई पोखराका पर्यटन व्यवसायीले सघाउने

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

पोखरा २२, पुम्दीभुम्दीमा आगामी शनिबार (असोज १२ गते) हुने प्रथम पर्वतीय खुला दौड प्रतियोगिता-२०८१ तयारी तीव्र पारिएको छ।

आयोजक पोखरा क्लिकले कार्यक्रम कसरी सभ्य र भव्य बनाउने भन्नेबारे पोखराका पर्यटन व्यवसायीसँग सुझाव संकलन गरेको छ। शनिबार लेकसाइडको बुमर्‍याङ रेष्टुरेन्टमा आयोजित छलफलमा पर्यटन व्यवसायीले विश्व पर्यटन दिवस सन्दर्भमा हुने उक्त दौड प्रतियोगिता सफल पार्न सघाउने प्रतिबद्धता व्यक्त गरेका छन्। पर्यटनको राजधानी पोखरामा पुम्दीभुम्दीस्थित शान्ति स्तुप, विशाल महादेवको मूर्ति र बुद्ध पार्क पर्यटकीय गन्तव्य हुन्। ती गन्तव्यको खेल पर्यटनमार्फत प्रवर्द्धन गर्ने मूल उद्देश्यसहित आयोजित ८ किमीको पर्वतीय दौडले समग्र पोखरा क्षेत्रको खेल पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने पर्यटन व्यवसायीले विश्वास व्यक्त गरे।

पोखरा पर्यटन परिषद्का नवनिर्वाचित अध्यक्ष तारानाथ पहारीले बुद्ध र हिन्दू धर्मसहित दृश्यावलोकन दृष्टिले निकै मनमोहक क्षेत्रमा हुने उक्त प्रतियोगिताले खेल पर्यटन प्रबर्द्धनमा मद्दत पुग्ने बताए। पुम्दीभुम्दीमा पदमार्ग, हाइकिङ र साइक्लिङ समेत उपयुक्त गन्तव्य भएकोले पोखरा क्षेत्रका अन्य वडाहरुलाई समेत जोडेर उक्त प्रतियोगितालाई बिस्तार गर्न उनले सुझाव दिए। परिषद्का निर्वतमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा आउने करिब ९० प्रतिशतजसो पर्यटक पुम्दीकोट क्षेत्रमा जाने हुँदा यस्ता खेलकुद गतिविधिले सो क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताए। परिषद्का पूर्व अध्यक्ष अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले



प्रतियोगितालाई बिस्तारै १० किलोमिटर हुँदै भविष्यमा हाफ म्याराथन गर्न सुझाव दिए। मिडिया हाउसले खेल प्रवर्द्धन हुने गरेर ल्याएको उक्त कार्यक्रमलाई वडादेखि सबैले साथ दिन आग्रह गरे। पोखरा महानगरपालिका व्यावसायिक प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज अधिकारीले सुस्ताएको पर्यटन व्यवसाय यस्तै खेल पर्यटन गतिविधिले चलायमान गर्न टेवा मिल्ने विश्वास लिए। उक्त प्रतियोगिता सफल पार्न केन्द्रले आवश्यक समन्वय गर्न तयार रहेको जनाउँदै विद्यार्थीलाई बढी सहभागिता गराउन सुझाव दिए।

टान गण्डकीका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरा क्षेत्रकै लोभलाग्दो स्थानमा हुने उक्त प्रतियोगिताले समग्र खेल पर्यटनमा टेवा पुग्ने बताए। केही समयपछि पोखरामा टान म्याराथन प्रतियोगिता आयोजना गर्ने उनले जनाए। होटल संघ पोखरा नेपालका सचिव पार्वती पाण्डेले प्रतियोगिता सफल पार्न आफूहरूले आर्थिक तथा भौतिक सहयोग गर्ने वचन दिइन्।

रेवान पोखरा अध्यक्ष विश्वराज पौडेलले प्रतियोगितामा युवा खेलाडीलाई बढी समेट्न सुझाव दिए। उनले विश्व पर्यटन दिवस (२७ सेप्टेम्बर) अवसरमा रेवानले समेत पोखरामा मिनी सडक महोत्सव आयोजनाको तयारी गरेको बताए। पर्यटन व्यवसायी महिला संघ (ओटेफ) अध्यक्ष उमा रेग्मी भण्डारीले धार्मिक पर्यटनको केन्द्र पुम्दीभुम्दीमा हुने पर्वतीय दौडले खेल पर्यटनको प्रबर्द्धन हुने विश्वाश व्यक्त गरिन्।

प्रेस स्वतन्त्रता सेनानी रमेश पौडेलले प्रतियोगिता संयोजक दीननाथ बरालले आफ्नो जन्मस्थानमा प्रशंसनीय कार्य गर्न लागेको भन्दै सफलताको कामना गरे। उनले पोखराका विभिन्न पर्यटकीय गतिविधिमा पर्यटन व्यवसायीले पनि अपनत्व लिनुपर्ने सुझाव दिए। पोखरा-२२ लाई आन्तरिक तथा बाह्य पर्यटनको हब बनाउन खेलपर्यटनले समेत सहयोग पुग्ने विश्वासले उक्त कार्यक्रम आयोजना गरिएको पोखरा क्लिक प्रालिका अध्यक्ष एवं कार्यक्रम संयोजक दीननाथ बरालले बताए। 'खेल पर्यटन प्रवर्द्धनमा पुम्दीभुम्दी पर्वतीय दौड' नाराका साथ हुने ८ किलो मिटरको खुला पर्वतीय दौडमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको प्रवर्द्धन रहेको छ। पोखरा क्लिक अनलाइन सञ्चार माध्यमले समसामयिक विषयमा आवाज उठाउँदै आर्थिक विकास, समृद्धि र सुशासनका पक्षमा पहरेदारी गर्दै आइरहेकोमा पोखरा आफैमा सम्भावनै सम्भावनाको पुञ्ज भएकाले त्यसमाथि थपिएका नयाँ पर्यटकीय गन्तव्यलाई विश्वसामु सुसूचित गराउनु, त्यसको प्रचारप्रसारसँगै आर्थिक समृद्धिलाई जोडेर अगाडि लैजाने सञ्चार माध्यमको भूमिका रहेकाले कार्यक्रमको आयोजना गरिएको अध्यक्ष बरालले जानकारी दिनु भयो। असोज १२ गते बिहान सुरु हुने उक्त दौड विश्व शान्ति स्तूपदेखि सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा-२२ वडा कार्यालय हुँदै बुद्ध पार्क (निगाले डाँडा) सम्म पुगेर टुंगिने व्यवस्थापक सागर सुनारले बताए। प्रतियोगितामा खुलातर्फ प्रथमलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई ७ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने छ। यस्तै, महिला धावक, १६ वर्षमुनिका बालबालिका धावक र पोखरा-२२ का वडा धावकमध्ये उत्कृष्ट एक-एक जनालाई नगद ७ हजारसहित पुरस्कृत गरिने प्रतियोगिता संयोजक दीननाथ बरालले बताए।

उक्त कार्यक्रमलाई प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा २२ वडा कार्यालय, नेलम्बो नेपाल, नेपाल भूतपूर्व खेलाडी मञ्च, खाडेखोला मैत्रीय आमा समूह, अटो वेज प्रालि, वाई यूके सुपर मार्केट, एथ्लेटिक्स संघ गण्डकी, बुद्ध पार्क समिति, पुम्दीकोट माउण्टेन लज, विश्व शान्ति स्तुप समिति, पोखरा ८ वडा कार्यालय, सहारा क्लब पोखरा, पुम्दीकोट कोट विकास समिति, कर्माचार्य ग्रुप, युनाइटेड क्लब, परिचय एड्भरटाइजिङ, वर्ल्ड भिजन, जिल्ला समन्वय समिति, बुमर्‍याङ रेष्टुरेण्ट, एस.के. साउण्ड एण्ड भिजन, खेलकुदकर्मी विश्व तण्डुकार, टान गण्डकी, पोखरा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, सिटिजन फर्निचर, हिमालयन कम्प्युटर, ग्लेज ड्रिकिङ वाटर, बराल पार्टी प्यालेस, प्रादेशिक क्रिकेट संघ गण्डकी, वुल्स मेन क्लब, सहास स्पोट्र्स लगायतको सहयोग रहेको छ।

# माछा मार्ने जनप्रतिनिधि सहित ५ जना पक्राउ

पोखरापत्र संवाददाता
स्याङ्जा, ५ असोज

वडा प्रहरी कार्यालय वालिङले शनिवार माछा मार्नेक्रममा जनप्रतिनिधि सहित ५ जनालाई पक्राउ गरेको जनाएको छ।

शनिवार बिहान ४ बजे ग २ च २८६३ नम्वरको गाडी सहित वालिङ १ रामबाच्छाबाट उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ। वालिङ १३ पाठेखोलाका दिपक जिटीको नेतृत्वमा आँधीखोलामा बिद्युतीय माध्यमबाट (करेन्ट लगाएर) माछा मारेर गाडीमा ल्याउनेक्रममा प्रहरीले नियन्त्रणमा लिएको थियो। जिटी वालिङ नगरपालिका १३ का वडा सदस्य रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरिक्षक इन्द्र बहादुर रानाका अनुसार पक्राउ पर्नेमा सोही ठाउँका बर्ष २५ का मनोज सहनी, बर्ष ४२ का प्रमोद सहनी, बर्ष २८ का सन्जय सहनी र बर्ष ३२ का बालकृष्ण सहनी रहेका छन्। उनीहरुलाई जलचर ऐन, २०१७ अनुसार आवश्यक कारवाही पक्रिया अगाडी बढाइएको वडा प्रहरी कार्यालयका प्रहरी निरिक्षक सुजन वि.कले बताए। जलचर ऐन २०१७ अनुसार करेन्ट लगाएर माछा मार्नेलाई १ हजार देखी ५ हजारसम्म जरिवना तोकिएको छ।

माछा मार्दा प्रयोग हुने विद्युतीय समाग्री सहित गाडी प्रहरीले बरामद गरेको छ। जनप्रतिनिधि समेत रहेका जिटी पटक–पटक माछा मार्नेक्रममा पक्राउ पर्दै प्रहरीले छाड्ने गरेको बताइएको छ।

## प्रत्यक्ष ...

"अहिलेको संविधान विस्तृत शान्ति सम्झौताको अङ्गको रुपमा रहेकाले शान्ति सम्झौताको एक हस्ताक्षरकर्ता माओवादीको सहमतिबिना गर्न खोजिने संविधान संशोधनको प्रयासप्रति माओवादी केन्द्रको सहमति छैन। हाम्रो सहमतिबिना संविधान संशोधन गर्ने अधिकार कसैलाई छैन" उनले भने। इमान्दर भएर संविधान संशोधनको प्रयास भएमा आफूहरु त्यसका लागि तयार हुने पनि उनले स्पष्ट पारे। अग्रगमनमा लागिसंविधान संशोधनको सबैभन्दा बढी आवश्यकता माओवादी केन्द्रलाई नै भएको उनको कथन थियो। प्रत्यक्ष कार्यकारी निर्वाचित राष्ट्रपतिसहित पूर्ण समानुपातिक निर्वाचन प्रणाली पनि आवश्यक भएको उनले बताए। "अहिले जसरी राजनीतिक भ्रष्टाचार बढिरहेको छ, यो निर्वाचन प्रणालीका कारणले हो" अध्यक्ष प्रचण्डले भने, "एउटा पालिकामा चुनाव जित्न करोड, प्रदेशमा दश करोड र सङ्घमा पचास करोड खर्च गर्नुपर्ने अवस्थाले जितेर आउने प्रतिनिधि जनताको काम होइन, भ्रष्टाचार गरेर चुनाव खर्च उठाउनेतर्फ लागेको देखियो। भ्रष्टाचारको मुहान सुकाउने हो भने निर्वाचन प्रणाली बदलेर त्यसलाई पूर्ण समानुपातिक बनाउनुपर्छ।" करोडौं खर्च गरेर सांसद र मन्त्री बन्ने अभ्यासप्रति विमति जनाउँदै अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले मन्त्रिमण्डल बनाउने र सांसदहरु कानुन निर्माणमा मात्रै लाग्ने, मन्त्री बन्न नपाउने निर्वाचन प्रणालीले मात्र भ्रष्टाचार रोक्न सकिने उनको तर्क थियो। आफूहरु अनियमिताविरुद्ध खबरदारी गर्दै सरकारबाट बाहिरिएको र सरकारमा रहँदा भ्रष्टाचारका खिलाफ एकपछि अर्को अभियान चलाएकाले नै माओवादी केन्द्रप्रति जनभरोसा बढेको बताए। उनले मजदूरको तर्फबाट पार्टी नेतृत्वमा १० प्रतिशत प्रतिनिधित्व, श्रमिकको न्यूनतम ज्याला वृद्धि, श्रम ऐन संशोधन, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउने, महङ्गी भत्तालगायत मजदुर सङ्गठनका माग जाजय भएको र पार्टीबाट पूरा गर्न सकिने जति पार्टीबाट र सरकारबाट गर्नुपर्ने कामका लागि सङ्घर्ष गर्ने प्रतिबद्धता व्यक्त गरे।

पार्टीले अघि सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको अन्तर्य समाजवादी क्रान्तिको तयारी नै भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले समाजवादी क्रान्तिबाट मात्र मजदुर, किसानलगायत श्रमिक वर्गको हितको रक्षा हुने बताए।

माओवादी नेत्री एवम् मजदुर विभाग प्रमुख जयपुरी घर्तीले श्रमिक वर्गको हितका लागि प्रष्ट कार्ययोजनाका साथ अगाडि बढ्नुपर्ने बताए। महासङ्घका अध्यक्ष जगत् सिम्खडाले श्रमजीवी मजदुरको पक्षमा धेरै काम गर्न बाँकी रहेको भन्दै एकीकृत रूपमा सङ्घर्ष गर्नुको विकल्प नभएको बताए।

## गण्डकी ...

हुनु भएको छ।

यसैगरी कास्की जिल्ला जिम्न्याष्टिक संघको विशेष साधारण सभाले सोमबहादुर साईको अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन गरेको छ। समितिको उपाध्यक्षमा लक्ष्मण आचार्य, महिला उपाध्यक्षमा एनशोभा गुरुङ, सचिवमा गौतम चौधरी, कोषाध्यक्षमा सुर्वणराज पन्त, सहकोषाध्यक्षमा सरस्वती साई चयन हुनुभएको छ।

समितिको सदस्यहरुमा रोषन पुन, सेजल जोजिजु, मिनबहादुर थापा, अंशु शेर्पा, दिपेश राना, रामबहादुर क्षेत्री, कमला गुरुङ र वालकुमारी गुरुङ चयन हुनुभएको छ। कार्यक्रममा निर्वाचन समितिका संयोजक गण्डकी प्रदेश जिम्न्याष्टिक संघका सल्लाहकार केशवशरण पौडेल तथा गण्डकी प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य केशव पाठक, जिल्ला खेलकुद विकास समिति कास्कीका सदस्य राजन वड्गामीले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सपथ खुवाउनु भएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथी गण्डकी प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वज कुमार गुरुङले जिम्न्याष्टिक संघको क्रियाशिलताले सुस्ताएको खेलले गतिशिलता पाएको बताउनुभयो। 'स्रोत र साधान कम छ तर काम धेरै गर्नुपर्नेछ' उपाध्यक्ष गुरुङले भन्नुभयो, 'भएका स्रोत र सधानलाई प्रयोग गर्दै खेललाई विस्तार गर्न यहाँहरुको भूमिका महत्वपूर्ण रहेको छ।' गण्डकी प्रदेश खेलकुद परिषद् यहाँहरुले गरेका कार्यक्रममा सहयात्र गरेर अघि वढ्न तयार रहेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य केशव पाठकले १० औ राष्ट्रिय खेलकुद महोत्सवलाई ताकेता गरेर खेलाडि उत्पादन गर्न संघलाई आग्रह गर्नुभयो।

कास्की जिल्ला खेलकुद विकास समितिका प्रमुख सुनबहादुर लामाले सवै खेलको मदर खेलको रुपमा जिम्न्याष्टिक रहेकोले जिम्न्याष्टिक खेल खेलाउनका लागि व्यवस्थित हलको आवश्यकता रहेको औल्याउनुभयो।

गण्डकी प्रदेश जिम्न्याष्टिक संघका सल्लाहाकार केशवशरण पौडेलले संस्था गठन भएको छोटो समयमा उत्कृष्ट कार्य गरेको बताउनुभयो। गण्डकी प्रदेश जिम्न्यनष्टिक संघका अध्यक्ष योगेन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राजु केसीले स्वागत र सचिव प्रकाशचन्द्र सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## पोखरामा ...

सङ्क्रमण हुने गरेको उनले बताए। उक्त लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उनको भनाइ छ। यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उनले बताए। डेंगु सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सक बताउँछन्।

डेंगु भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने उनीहरुको सुझाव छ। वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेंगुको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने प्रमुख नेपालीले बताए। डेंगु सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उनको भनाइ छ। डेंगुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने प्रमुख नेपालीले बताए। कास्कीमा हालसम्म चार हजार पाँच सय ५२ जनामा डेंगु सङ्क्रमण पुष्टि भएकामा पोखरा महानगरपालिकाबाहेक अन्नपूर्ण, रुपा र मादी गाउँपालिकामा नौरनौजना र माछापुछ्रे गाउँपालिकामा ३८ जनामा सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# सरकारको साझा संकल्प

नेपाली काङ्ग्रेस र नेकपा एमालेले सरकार बनेको दुई महिनापछि सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेका छन । दुई पार्टीको चार सदस्यीय कार्यदल गठन गरेर तयार पारेको न्यूनतम साझा कार्यक्रम प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई बुधबार हस्तान्तरण गरिएपछि तत्काल बसेको मन्त्रीपरिषद् बैठकले स्वीकृत गरेर कार्यान्वयनमा लैजाने निर्णय भएको छ। काङ्ग्रेस सभापति शेर बहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली बीच भएको सातबुँदे सहमतिकै आधारमा आठबुँदे साझा सङ्कल्प र नीतिगत प्रतिबद्धता सार्वजनिक गरिएको छ। राष्ट्रिय हितको रक्षा, संविधानको कार्यान्वयन र विकास गर्ने संकल्प छाराजनीतिक स्थायित्व, सुशासन, गतिशील अर्थतन्त्र, विकास निर्माणमा तीव्रता, आर्थिक समृद्धिलगायतका जनचाहनालाई सम्बोधन गरिने नीतिगत प्रतिबद्धतामा उल्लेख छ।

यसलाई साझा कार्यक्रम नभनी दुई राजनीतिक दलको साझा सङ्कल्प र नीतिगत प्रतिबद्धताको संज्ञा दिइएको छ। प्रतिबद्धतापत्रको पहिलो बुँदामा राष्ट्रिय हितको रक्षा तथा स्वतन्त्र परराष्ट्र नीतिमा जोड दिइएको छ। मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई बाह्य सम्बन्ध सञ्चालनको मूलमन्त्र बनाइने संविधानमा उल्लिखित परराष्ट्रनीति नै हो । मुलुकको विकास आवश्यकतालाई केन्द्रविन्दुमा राखेर छिमेकीलगायत मित्रराष्ट्रहरू तथा बहुपक्षीय विकास साझेदार हरूसँग आर्थिक कूटनीतिमार्फत वैदेशिक सहायता अभिवृद्धि गरी बलियो आर्थिक साझेदारी विकास गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। पूर्वाधार विकासका लागि आफ्नै सामर्थ्यले मात्र सम्भव नहुने भएकाले सरकारले बाह्य विकास साझेदार भित्र्याएर मुलुकको समृद्धियात्रा अघि बढाउने छ।

साझा सङ्कल्प र नीतिगत प्रतिबद्धता मुख्यतः आर्थिक सुधार र संविधान कार्यान्वयनमा केन्द्रित छ। संविधान निर्माण गर्ने मुख्य शक्ति नै कांग्रेस र एमाले भएकाले संविधानको रक्षा, कार्यान्वयन र विकासको मुख्य दायित्व पनि दुई पार्टीकै हो। संविधानपछिको यो एक दशकमा सङ्घीयता कार्यान्वयनमा अझै केही जटिल पक्ष देखिएकाले समाधान गरिने प्रतिबद्धता छ । सङ्घीयता, लोकतन्त्र, गणतन्त्र र समावेशी प्रणालीलाई अझै बलियो बनाउन वस्तुनिष्ठ समीक्षा गरेर अघि बढ्ने प्रतिबद्धता गरिनु राजनीतिक स्थायित्वका लागि महत्वपूर्ण आधार हो । संविधान संशोधनको विषय मुलुकको समृद्धि र राजनीतिक स्थायित्वलाई केन्द्रविन्दुमा राखेर अघि बढाइने उल्लेख हुनुले पार्टीगत चाहनाले मात्र नभई मुलुकको आवश्यकता र आमसहमतिमा हुने स्पष्ट हुन्छ । संविधान संशोधनको विरोध गर्नेलाई संकल्प पत्रले खण्डन गरिदिएको छ।

सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार, सुशासन प्रवर्धन, अनुकूल व्यावसायिक वातावरण निर्माणमा कानुनी सुधार, भ्रष्टाचार नियन्त्रणका साथै सार्वजनिक चर्चामा रहेका सबै काण्डको छानबिन गर्ने प्रतिबद्धता जाहेर गरिनुलाई सकारात्मक रूपमा हेरिएको छ। चर्चाको केन्द्रमा रहेको सहकारी छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा सहकारी क्षेत्रको नियमन गर्न छुट्टै निकाय गठन गरिने भएको छ। सहकारीको रकम अपचलन गर्ने जो कोहीलाई कानुनी कारबाही गरिने प्रतिबद्धता व्यक्त गरिएको छ।

सरकारको प्रमुख जिम्मेवारी भनेको केही समयदेखि शिथिल अर्थतन्त्रलाई चलायमान बनाएर अघि बढाउनु हो। उत्पादन, उपभोग, व्यापार एवं लगानीका क्षेत्रमा देखा परेको शिथिलता अन्त्य गर्न नीतिगत सुधारका साथै पुँजीगत खर्च वृद्धि गरेर आर्थिक क्रियाकलापलाई तीव्रता दिनेतर्फको सरकारको प्रतिबद्धताले आशा जगाउने काम गरेको छ । पूर्वाधार निर्माणका आयोजनालाई पूर्णता दिने तथा नयाँ योजनालाई आवश्यकताका आधारमा मात्र अघि बढाउने नीतिले विकास आयोजनामा रकम छर्ने पुरानो प्रवृत्तिको अन्त्य हुने अपेक्षा छ। युवा साझेदारी कार्यक्रम, रोजगारी र उद्यमशीलतामा जोड, जलवायु परिवर्तनको असर न्यूनीकरण जस्ता आमसरोकारका विषयलाई पनि प्रतिबद्धतापत्रमा सम्बोधन गरिएको छ । समाजमा प्रायोजित ढङ्गले विस्तार गर्न खोजिएको 'हुँदैन र छैन' को नकारात्मक भाष्यप्रति सचेत रहँदै मुलुकलाई सबल र समुन्नत बनाउने दायित्वबोध गर्न सबै पक्षलाई आह्वान गरिएको छ। सरकारले साझा सङ्कल्पलाई कार्यान्वयन तहमा उतारेर देशमै केही गर्न सकिन्छ भन्ने सन्देश दिनु महत्वपूर्ण छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# मुस्ताङ हुँदै तिलिचो ताल पुग्न नयाँ पदमार्ग



**रासस**
म्याग्दी, ५ असोज

मनाङको तिलिचो ताल जोड्ने नयाँ पदमार्ग सञ्चालनमा आएको छ । समुन्द्रि सतहदेखि चार हजार नौ सय १९ मिटर उचाइमा रहेको तिलिचो संसारको सबैभन्दा अग्लो स्थानको ताल हो । मुस्ताङको सदरमुकाम जोमसोमदेखि घरपझोङ गाउँपालिका-५ ठिनी भएर तिलिचो तालमा पर्यटक जान थालेका हुन् । यसअघि मनाङको चामेदेखि खाङसार हुँदै तिलिचो ताल जोड्ने पदमार्ग प्रयोगमा थियो । मुस्ताङको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जोमसोम-ठिनी-नमखुलेक, निलगिरि आइसफल, छेमा ताल, मसोकोन्दो पास हुँदै तिलिचो ताल जोड्ने पदमार्गलाई आन्तरिक पर्यटकले प्रयोग गर्न थालेका बताउनुभयो। "गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले तिलिचो ताल जोड्ने पदमार्ग निर्माण भएको छ," उहाँले भन्नुभयो "यो पदमार्ग भएर दुई दिनमै पर्यटक तिलिचो ताल जान र आउन थालेका छन् ।" म्याग्दी र मुस्ताङका बासिन्दा, कर्मचारी, व्यवसायिहरु जोमसोम हुँदै तिलिचो ताल भ्रमणमा जान थालेका छन् । यो पदमार्ग भएर तिलिचो पुग्न पाँच हजार एक सय २० मिटर अग्लो मेसोकोन्दो पास (झञ्जयाङ) पार गर्नुपर्छ। होटल र रेष्टुरेष्टको सुविधा नभएकाले आफै खानेबस्ने सामग्रीको जोहो गर्नुपर्छ। जोमसोमदेखि दुई घण्टा सवारी साधन र छ घण्टा पैदलयात्रा गरेपछि मेसोकोन्दो पास पुगिन्छ। मेसोकोन्दोदेखि एक घण्टा पैदलयात्रा गरेपछि तिलिचो ताल पुगिने यसैहप्ता तिलिचो भ्रमण गरेर फर्कनुभएका म्याग्दीको मालिका गाउँपालिका-४ फुलबारीका तुलन बुढामगरले बताउनुभयो। "उकालो हिडाइको थकान तिलिचो पुगेपछि वरपरका हिमालको बीचमा रहेको निलो र निश्चल तालको दृष्य अवलोकन गर्न पाउँदा मेटियो," उहाँले तिलिचो यात्राको अनुभव सुनाउनुभयो।

आर्थिक वर्ष २०८०/०८१ मा घरपझोङ गाउँपालिकाले विभिन्न शीर्षकमा ५० लाख बजेट बिनियोजन गरेको तिलिचो ताल जोड्ने पदमार्ग मर्मत तथा स्तरोन्नति योजनाका लागि एक्यापले पनि १० लाख खर्च गरेको छ । घरपझोङ गाउँपालिकाका रोजगार संयोजक शर्मीला श्रीसले प्रधानमन्त्री रोजगार कार्यक्रमको २१ लाख ४९ हजार र गाउँपालिकाको थप रु. २८ लाख ५८ हजार बजेटबाट वडा नम्बर ४ र ५ को विभिन्न ठाउँमा २२ किलोमिटर पदमार्ग बनाएको जानकारी दिनुभयो।

झोर खोलादेखि -नमखुलेंक खर्क-निलगिरि आइसफल- छमा ताल पहुँच मार्गको सोचिलेंक सम्म पदमार्ग निर्माण तथा स्तरोन्नति गरिएको रोजगार संयोजक श्रीसले बताउनुभयो । एक्याप मार्फत पाँच हजार १२० मिटर उचाईमा रहेको मेरोकोन्दो पास क्षेत्रमा ९५० मिटर पुरानो पदमार्ग मर्मत र ६०० मिटर नयाँ पदमार्ग निर्माण गरिएको बरिष्ठ रेञ्जर सञ्जोक थकालीले जानकारी दिनुभयो । जोमसोम-तिलिचो पदमार्गमा सूचनामूलक साइनबोर्ड, हाइअल्टिच्युड स्थल क्षेत्र, विशेषता, स्थान र उचाइको जानकारीलगायत पर्यटक लक्षित जानकारीमूलक होर्डिङ बोर्ड र साइन पोष्टिङ राखिएको एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले बताउनुभयो।

प्राकृतिक सौन्दर्ययुक्त तिलिचो ताल, नीलगिरि हिमाल, नमखु लेक, हिमचितुवाको बासस्थान, धुम्बा ताल, ह्यारझु भ्यु प्वाइन्ट, ठिनीगाउँ, ऐतिहासिक घरफझोङ किल्ला, कैश्याङ क्याम्प, थकाली कला र संस्कृति, भेडा च्याङ्ग्रा तथा चौरीको गोठ यस पदमार्गका आकर्षण हुन्।

# ट्रान्सपरेन्सी नेपालको अध्यक्षमा मदनकृष्ण शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज

ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको अध्यक्षमा मदनकृष्ण शर्मा नियुक्त भएका छन् । शुक्रबार भएको २९औं वार्षिक साधारणसभाले अध्यक्षमा शर्मालाई निर्वाचित गरेको हो।

शर्मा यसअघि महासचिव थिए। शर्मा वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट हुन् । अध्यक्षसँगै सातजना कार्यसमिति सदस्यहरू निर्विरोध निर्वाचित भएका छन्।

कार्यसमिति सदस्यमा सुनिता गुरुङ, लीलाप्रसाद सापकोटा, सुरेन्द्रवीर मालाकार, सरोजप्रसाद पाण्डे, महेन्द्रनारायण श्रेष्ठ, राजेशकुमार जोशी, सीता भट्ट छन्। अध्यक्षसहित कार्यसमिति सदस्यले शुक्रबार नै पदभार ग्रहण गरेका छन् । नवनिर्वाचित कार्यसमितिको कार्यालय दुई वर्षको हुनेछ। नौ सदस्यीय कार्यसमितिका उपाध्यक्ष, महासचिव, कोषाध्यक्षको मनोनयन अध्यक्षद्वारा गरिने व्यवस्था संस्थाको विधानमा छ।

सभाले संस्थाको आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन पनि पारित गरेको छ। संस्थाको वार्षिक प्रतिवेदनमा देशमा सदाचार प्रणलीमा सुधार हुन नसकेको उल्लेख गरिएको छ।

भ्रष्टाचारविरुद्धको राजनीतिक प्रतिबद्धता भाषणमा मात्र सीमित रहेको जनाइएको छ भने संघीय लोकतान्त्रिक व्यवस्था नागरिक स्तरसम्म पुगे पनि भ्रष्टाचार नियन्त्रणतर्फ प्रगति हुन नसकेको उल्लेख छ।

# कोलपाटनमा महिला हिंसा विरुद्ध सडक नाटक प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज




महिला अधिकारका लागि राष्ट्रिय अभियान कास्की जिल्ला शाखा पोखरा १५ को आयोजनामा शनिबार कोलपाटनमा महिला हिंसा विरुद्धको जनचेतना मूलक सडक नाटक शनिबार सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरण बहादुर वानियाले उद्घाटन गर्दै आफुले समाजको लागि राम्रो गर्दा गर्दै पनि केहि व्यक्तिहरुले अनर्गल प्रचार गरेको वताउँदै आफुलाई कुनै फरक नपर्ने वताए । उनले सडक नाटकले महिला हिंसा न्युनिकरणमा महत्वपूर्ण भूमिका खेल्ने वताए । कार्यक्रममा महिला अधिकारका लागि राष्ट्रिय सञ्जालकी केन्द्रीयय उपाध्यक्ष दिलमाया गुरुङ, राम वजार प्रहरी चौकी इन्चार्ज वरिष्ठ नायव निरिक्षक राजु थापा, प्रतिभा आमा समुह पोखरा १५ की अध्यक्ष भगवती कार्की खड्काले वोलेका थिए। सो अवसरमा कलाकारहरु सुनिता कडेंल, गिता शर्मा, माया लामिछाने, दुर्गा थापा, विष्णु गिरी, तारा बानिया, पुष्पा गुरुङ, गिता भण्डारी, सुसिला गुरुङ, सीता रानाभाट, सरस्वती अधिकारीले अभिनय गरेका थिए भने सलिना गुरुङले नृत्य प्रस्तुत गरेकी थिइन।

अभियानकी अध्यक्ष कुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष गिता शर्माले र संचालन रमिता पौडेलले गरेकी थिइन।

# अल्जाईमर सम्बन्धी जनचेतना जगाउँदै रोट्र्याक्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



अल्जाईमर रोग कुनै जुनीको पाप होईन, यो सरुवा रोग पनि होईन त्यसैले घरपरिवार र समुदायमा डर उत्पन्न गराउनु हुँदैन भन्दै आज पोखरामा पनि बिश्व अल्जाईमर दिवस मनाईयो । संयुक्त राष्ट्रसंघले घोषणा गरेको बिश्वब्यापि मान्यताको मानव अधिकार मध्य ज्येष्ठ नागरिकहरु लाई प्रायः लाग्ने अल्जाईमरबाट पीडित रोगीहरुको संरक्षणका लागि पनि उत्तिकै क्रियाशिल हुनु पर्ने बताएको छ।

पोखरामा आयोजित अल्जाईमर रोग सम्बन्धी सचतना कार्यक्रमका श्रोत ब्यक्ति डा. देवेशचन्द्र घिमिरेकाका अनुसार यो बिर्सने रोगको तथ्याङ्क नेपालमा बिश्वसनीय नरहे पनि संयुक्त राज्य अमेरिकामा यो रोग डरलाग्दो ढंगले बढेको बताए । पोखरा बृद्धाश्रमको आयोजना तथा मनिपाल शिक्षण अस्पतालका बरिष्ट चिकित्सक डा.घिमिरेको अनुशिक्षण कार्यक्रम अत्यन्त उपयोगि रहेको जानकारी बताए । अल्जाईमर रोगको जानकारी, बढ्न नदिने उपाय बारे पोखरा बृद्धाश्रम र दिवासेवाका स्यारकर्तालाई प्रशिक्षण दिइएको थियो। गण्डकी प्रदेश र पोखराका ज्येष्ठ नागरिकसंग सरोकार राख्ने संघसंस्थाहरु साथै चिकित्सक, नर्स, स्वयम ज्येष्ठ नागरिकहरु सम्मिलित सचतना कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ केन्द्रीय समितिका सचिव तथा प्रेस स्वतन्त्रता सेनानी कुसुम केशव पराजुलीले अल्जाईमर रोगको न्युनिकरण तथा उपचारका लागि सरकार र समुदाय मिलेर काम गर्नु पर्ने बताएका थिए । सचिव पराजुलीले सामाजिक बिकास कार्यालय कास्की र संघले मिलेर काम गरि रहेकोले प्रदेश र स्थानीय तहमा पनि सरकारले मिलेर काम गर्न आग्रह गरे।

कार्यक्रममा ज्येष्ठ नागरिक भएर पनि अहिले सम्म उत्पादनमा जोडिएको र सक्रिय रहे सम्म समाजलाई योगदान दिन पछि नपर्ने कुरा गण्डकी ज्येष्ठ नागरिक संघका उपाध्यक्ष धर्म बहादुर गुरुङ्गले बताए। मनिपालमा अध्ययनरत बिद्यार्थी बिशेष श्रेष्ठ र उनको टिम, शुक्लेश्वर महादेव मन्दिर ब्यवस्थापन समिति अलकापुरका अध्यक्ष बिष्णुहरी सापकोटा पुर्व शिक्षक बुद्धी गिरी लगायतका महानुभावहरुले रोट्र्याक संस्था मार्फत जनचेतना जगाउने नाटक समेत मञ्चन गरेका थिए।

यसै गरी राष्ट्रिय ज्येष्ठ नागरिक संघका सदस्यहरुले अल्जाईमर दिवसको महत्वबारे प्रकाश पारेका थिए। पोखरा बृद्धाश्रममा सम्पन्न सचेतना कार्यक्रममा आश्रमका कोषाध्यक्ष भीम प्रसाद सवेदी, अलकापुर ज्येष्ठ नागरिक दिवासेवाका अध्यक्ष ढकाल, कार्यक्रमका सदस्य सिद्धीकुमार रेग्मी, थेरापिष्ट शान्ता अधिकारी लगायतका बिज्ञहरुले अल्जाईमरका समस्या र तिनको स्याहार बारे बारेमा प्रकाश पारेका थिए।

# कालिका बहुमुखी क्याम्पसमा 'फाइभ ए साइड' फुटबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



कालिका बहुमुखी क्याम्पस, विद्यार्थी कल्याणकारी समिति आयोजनामा अन्तरसंकाय छात्र तथा छात्रा फाइभ ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ।

प्रतियोगिताको पोखरा १४ का वडा अध्यक्ष तथा क्याम्पस सञ्चालक समिति उपाध्यक्ष बोधबहादुर कार्कीले रेफ्रीलाई बल हस्तान्तण गरी उद्घाटन गरे। उनले क्याम्पसले पढाइका अतिरिक्त विभिन्न खेलकुद सञ्चालन गरेर विद्यार्थीलाई विभिन्न अवसर प्रदान गरेकोमा धन्यवाद दिँदै पारा ओलम्पिकमा कास्य पदक विजेता पलेशा गोवर्धनले पनि यसरी नै ओलम्पिकसम्म पुगी सफलता प्राप्त गरेको बताए।

क्याम्पस प्रमुख विरन्जी गौतमले खेलले आपसी भाइचारा विकास तथा अनुशासित बनाउनुका साथै स्वस्थ रहन सहयोग पुग्ने हुँदा विभिन्न अवसरमा क्याम्पसले खेलकुद कार्यक्रम नियमित रुपमा गर्दै आएको बताए । उनले क्याम्पसले छोटो समयमा क्यूएएको प्रमाणपत्र प्राप्त गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान बनाउन सफल भएको बताउँदै सम्पूर्णमा संविधान दिवसको शुभकामना समेत व्यक्त गरे । प्रतियोगितामा छात्रतर्फ १५ र छात्रातर्फ ४ टिमले भाग लिएका छन् । दुवैतर्फ प्रथमलाई ५ हजार, दोस्रोलाई ४ हजार र तेस्रोलाई ३ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने सहायक क्याम्पस प्रमुख शालिकराम तिमिल्सिनाले बताए । विद्यार्थी कल्याणकारी समिति अध्यक्ष सपना श्रेष्ठको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा स्वागत सहायक क्याम्पस प्रमुख युवराज गुरुङले गरे । कर्मचारीका तर्फबाट लेखा प्रमुख हुकुमराज थापाले शुभकामना व्यक्त गरे । कार्यक्रम संचालन विद्यार्थी कल्याणकारी समिति सचिव तेजेन्द्र केसीले गरे भने रेफी ज्ञानेन्द्र कार्कीले खेलका नियमबारे जानकारी दिए । प्रतियोगिता ५ असोजसम्म चल्नेछ।

# राष्ट्रिय शिक्षक सीप विकास (एन्फोर्स्ड्ट) फाउण्डेशन कास्कीमा कुँवर

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



शिक्षकहरूलाई गुणस्तरीय तालिम प्रदान गर्न १२ बर्ष अघि स्थापित भएको राष्ट्रिय शिक्षक सीप विकास (एन्फोर्स्ड्ट) फाउन्डेसन कास्कीको १०औ बार्षिक साधारणसभा तथा पाचौं अधिवेशन गत भाद्र २८ गते सम्पन्न भएको छ।

अधिवेशनबाट संस्थाका सलाहकार त्रय सालिकराम अधिकारी, विश्वराज बाँस्तोला तथा गणेश तिमिल्सिना रहेको निर्बाचन मण्डलले प्रेम बहादुर कुँवरको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति सर्बसम्मत निर्वाचित भएको घोषणा गरेको थियो। निर्वाचित हुने अन्य पदाधिकारीमा उपाध्यक्ष डिल्लीराम अधिकारी, सचिव शशिधर बराल, कोषाधक्ष्य शोभा मिश्र अधिकारी, स-सचिवमा गोविन्द गौतम र कार्यसमिति सदस्यहरूमा नरेश तिमिल्सिना, रक्ष बहादुर क्षत्री, माधवी बाँस्तोला, शीला थापा र श्रीकृष्ण अधिकारी रहेको बताइएको छ। साधारणसभा कार्यक्रमको समुद्घाटन गर्दै आमन्त्रित प्रमुख अतिथि प्याब्सन कास्कीका अध्यक्ष्य मथुरा प्रसाद पौडेलले संस्थाले पोखरा र बाग्लुङ्गमा सञ्चालन गरिरहेको शिक्षक तालिमको बारेमा आफु साक्षात्कार हुन पाएको र आगामी दिनमा प्याब्सन कास्कीसंग सहकार्य गरी तालिम सञ्चालन गर्न पनि अनुरोध गरे। उनले व्यवहारिक ज्ञान, सिप, अनुभवी र व्यवसायिक शिक्षक बनाउन तालिमको महत्व भएको बताउँदै एक आपसमा विज्ञता आदानप्रदान गरी शिक्षकहरूको क्षमता अभिवृद्धि गराउन र विद्यार्थीलाई जिज्ञासु र खोजपुलक कार्यमा लगाउनुपर्ने कुरामा जोड दिए।

विशिष्ट अतिथि पृथ्वी नारायण क्याम्पसका प्रा.डा. रामजीवन यादवले सिकाइको नयाँ आयाम "पुस्तक बन्द गर र ढोका खोल" भन्ने भनाइले आफुलाई छोएको बताउँदै भोलिका दिनमा शिक्षकले किताबबाट मात्र पढाएर अबका २१औं सताब्दीका विद्यार्थीको सिकाइ आवश्यकता पुरा हुन नसक्ने भएकोले विद्यार्थीका कुरा धैर्यताका साथ सुन्ने, अन्तरक्रिया गर्ने र 'आउट अफ बक्स' सोच्ने बनाउनु पर्नेमा जोड दिए।

आमन्त्रित अतिथि शिव शक्ति क्याम्पसका सञ्चालक समिति अध्यक्ष्य टुवराज बास्तोलाले आफ्नो क्याम्पसलाइ साझेदार तालिम प्रदायक संस्थाको रुपमा केन्द्रमा राखेर क्याम्पस पढ्दै गरेका बिद्यार्थी र बिद्यालयमा पढाइरहेका अनुभबी शिक्षकहरुलाई सँगै राखेर तालिम दिनु अत्यन्तै सह्रानीय रहेको र सिकाइले शिक्षक टिक्न र बिक्न सक्ने बनाउनु पर्नेमा जोड दिए। संस्थाले तालिम दिनको लागि भूगोल बिस्तार गरी गण्डकी प्रदेशभरि फैलाउनु पर्ने सुझाव दिए। कार्यक्रममा फाउन्डेसन फर नेप्लिज ब्लाइण्ड स्टुडेण्ट्सका अध्यक्ष बिन्दु कोइराला सुबेदी, सल्लाहकारको तर्फबाट प्रा. गणेश तिमिल्सिना लगायतले शुभकामना मन्तब्य दिएका थिऐ भने संस्थागत सदस्य शैक्षिक संस्थाहरू शिव शक्ति क्याम्पसका प्रमुख तथा एल. ए. सेकेण्डरी, ताराकुञ्ज सेकेण्डरी, केफ सेकेण्डरी, बाल प्रभात, गौरीशंकर मावि, भास्कर मेमोरिएल, हार्वर्ड एकेडेमीका प्राचार्य सगायतको उपस्थिति थियो। केपिजेड विश्वविद्यालयका प्राध्यापक बर्ट, थियो र क्रिस्टिनाको भिडियो संदेश मार्फत शुभकामना सुनाइएको थियो। संस्थाका अध्यक्ष्यले संस्थाको आ. ब. २०८०/८१ मा सम्पादित बार्षिक प्रगति प्रतिवेदन पेश गर्दै संस्थाले बाग्लुङ र कास्कीमा अन्तराष्ट्रिय शिक्षक तालिम सञ्चालन गर्दै आएको र यो बर्ष २ बर्षे तालिमको कोर्स चैत्रमा सम्पन्न हुने जानकारि दिदै शिक्षकहरूको क्षमता विकास गर्नको लागि र शिक्षक तालिमको अभाव थोरै भए पनि कम गराउन निःस्वार्थ पहल गरेको उनले बताए। नेदरल्यान्ड्स र नेपालका मौलिक शिक्षण पद्दतिहरू र असल अभ्यासहरु आदानप्रदान गर्दै आएको र सन् २०१९ मा टिचर्स इन पोखरा नामक अन्तरास्ट्रिय शिक्षक सम्मेलन आयोजना गरिसकेको जनाएको छ।

# मातृभुमि कृषि सहकारीको भेला

**पोखरापत्र संवाददाता**
पोखरा, ५ असोज



मातृभुमि कृषि सहकारी संस्था पोखरा १९ घार्मीको साधारण भेला शनिबार सम्पन भएको छ।

सहकारीका अध्यक्ष नन्दराज दाहालको अध्यक्षतामा भएको भेलामा शेयर सदस्यहरुले नेपालीका महत्वपूर्ण चाडपर्वको अवसरमा शुभकामना आदान प्रदान गर्दै, ग्रामीण भेगमा खुलेको सहकारीले यस क्षेत्रको कृषि उत्पादन र बजारीकरण मा भुमिका खेल्न सुझाब दिएका छन्। भेलामा पुर्व अध्यक्ष एवम् सल्लाहकार हुतराज शर्मा पौडेल, महेन्द्र माविका प्रअ बासुदेव पौडेल, ई शोभाकर पौडेल, ऋण लगानी समितिका संयोजक एबं पत्रकार शिशिर पौडेल, लेखा संयोजक राजेन्द्र पौडेल लगायतले स साना बचतकर्तालाई प्रोत्साहन गर्ने खालका योजना ल्याउन आग्रह गरे।

भेलाले कोषाध्यक्ष विष्णु प्रसाद पौडेलले पेश गरेको आर्थिक प्रतिवेदन समेत पारित गरेको छ। सोही अवसरमा संस्थाका शेयर सदस्य दुर्गा देवी अधिकारीको अल्पायुमै भएको निधन प्रति दुःख व्यक्त गरेको छ, साथै संस्थाका पुर्व अध्यक्ष ढुण्डिराज पौडेल, चन्द्रा पौडेलका वुहारी र शेयर सदस्य प्रदीपराज पौडेलका श्रीमती चित्रकला काफ्ले गंगाको ३६ वर्षको उमेरमा भएको निधनमा दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ।

# अभिभावकविहीन बालबालिकालाई आवासीय शिक्षा

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ असोज

शिक्षा क्षेत्रमा नयाँ काम गर्दै आएको बागलुङको जैमिनी नगरपालिकाले यस वर्षदेखि अनाथ, असहाय र विपन्न परिवारका बालबालिकालाई निःशुल्क आवासीय शिक्षा दिने भएको छ।

नगरपालिकाले १० वटै वडामा शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई आवासीय सुविधासहित पढाउने जिम्मा लिन थालेको हो। 'असाय बालबालिकालाई शिक्षा' कार्यक्रमअन्तर्गत बेसहारा बालबालिकालाई आवासीय शिक्षा दिइने भएको छ। दुई वर्ष अगाडिदेखि 'लिड स्कूल' को अवधारणा लिएर काम गरेको नगरपालिकाले वडा नम्बर ५ स्थित सर्वोदय जनक माध्यमिक विद्यालयमा बालबालिकालाई आवासीय सुविधासहित पढाउने भएको छ। बसाइसराइ कारणले विद्यार्थी घट्ने क्रम बढेपछि विद्यालय घटाउने र गुणस्तर बढाउनका लागि नगरपालिकाले 'लिड स्कुल' अवधारण ल्याएको थियो। गाउँमा धेरै बालबालिका अभिभावकविहीन भएको हुँदा उनीहरुको अभिभावकत्व नगरपालिकाले लिएर शिक्षा दिने भएको हो। सर्वोदय जनक माध्यमिक विद्यालयमा आवास तयार भएको भन्दै अन्य व्यवस्थापकीय पक्ष सुधार गरेर विद्यार्थी राखिने छ। आर्थिक अवस्था कमजोर हुँदा पढाइबाट विमुख भएका बालबालिकालाई नगरपालिकाले पढाउने जिम्मा लिएको उपप्रमुख हरिहर शर्माले बताउनुभयो। कक्षा १ देखि १२ सम्म 'लिड स्कुल' मा पढाउने र त्यसभन्दा माथि पढ्नेका लागि छात्रवृत्तिको सुविधा दिइने उहाँको भनाइ छ। नगरपालिकाले यस वर्ष २० बालबालिकालाई सुविधा दिने र आगामी वर्ष बढाउँदै जाने उपप्रमुख शर्मा बताउनुहुन्छ। चालु आवमा प्रति विद्यार्थी रु ४० हजारका दरले बजेट विनियोजन गरेको र आगामी वर्ष नयाँ थपिए सोअनुसार व्यवस्थापन गर्ने उहाँको भनाइ छ। कोही पनि बालबालिका आफन्त नभएर र आर्थिक अवस्था कमजोर भएर पढाइबाट टाढा हुनु नपर्ने शर्माले बताउनुभयो। उहाँले भन्नुभयो, "सबै नागरिकलाई शिक्षित बनाउने, स्वास्थ राख्ने प्रयास गरिरहेका छौं, यस वर्ष हामीहरुले 'असहाय बालबालिकालाई शिक्षा' कार्यक्रम सञ्चालन गर्दैछौं, यसबाट आफन्त नभएका बालबालिका, असहाय र विपन्न परिवारका बालबालिकालाई नगरपालिका अभिभावक बनेर पढाउने गरी जिम्मा लिँदैछ, नागरिकलाई शिक्षा दिने हाम्रो दायित्व हो, जैमिनीमा कोही बालबालिका पारिवारिक, आर्थिक र सामाजिक समस्याले शिक्षाबाट विमुख बन्नुपर्ने छैन।" 'लिड स्कुल' मा विद्यार्थी र अभिभावकलाई आम्दानीसँग जोड्ने गरी काम भइरहेको छ। विसं २०७८ मा 'लिड स्कुल' घोषणा भएको विद्यालयमा नगरपालिकाले लगानी गरेको छ।

# मुक्तिनाथमा दर्शनार्थीको घुइँचो

**रासस**
मुस्ताङ, ५ असोज



प्रसिद्ध तीर्थस्थल मुक्तिनाथमा केही दिनयता चहलपहल बढ्दै गएको छ। विशेषतः प्रत्येक वर्षको पितृ पक्ष (सोह्र श्राद्ध) का समयमा नेपालका विभिन्न स्थानका साथै भारतबाट यहाँ दर्शनार्थी आउने गर्दछन्।

यस वर्ष सोह्र श्राद्ध सुरु भएयता मुक्तिनाथमा आउने दर्शनार्थीको संख्यामा बृद्धि भएको मन्दिरका पूजारी कृष्णप्रसाद सुवेदीले जानकारी दिए। "सोह्र श्राद्ध सुरु भए यता देशका विभिन्न स्थानबाट आउने दर्शनार्थीहरू बढ्दै गएका छन्", उनले भने, "पितृ पक्ष अवधिभर नै यहाँ दर्शनार्थी आउने गर्दछन्।" मुस्ताङ आएका दर्शनार्थी कागबेनीमा श्राद्ध गरी मुक्तिनाथको दर्शन गरेमा पितृ मोक्ष हुने र भावी सन्ततिलाई सुख, समृद्धि हासिल हुने विश्वास रहीआएको मन्दिरका पूजारी कृष्णप्रसाद सुवेदीले बताए। प्रत्येक वर्ष सोह्र श्राद्धका समयमा देशका विभिन्न स्थानबाट दर्शनार्थी मुक्तिनाथ आउने गरेको उनले बताउँदै उनले यहाँ आएर कागवेनी श्राद्ध गरी मुक्तिनाथ भगवान्को दर्शन गरेमा पितृले मोक्ष प्राप्त गरी भावी सन्ततिलाई सुख, शान्ति र समृद्धि हुने विश्वास रहेको बताए। मन्दिरमा आइसकेपछि दर्शनार्थीले यहाँका एक सय आठ धारामा स्नान गरी पूजाआजा गर्दछन्। एक सय आठ धाराको पानीलाई घरघरमा तीर्थ जलका रुपमा लैजाने प्रचलन छ। प्रकृति र संस्कृतिको अनुपम गन्तव्य मुक्तिनाथ धार्मिक दृष्टिका साथै पर्यटकीय रुपमा पनि उत्तिकै महत्वपूर्ण छ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीको आस्थाको सङ्गमस्थल मुक्तिनाथलाई भगवान् विष्णुले तपस्या गरेको पुण्यभूमिका रुपमा लिइन्छ। तपस्याका क्रममा विष्णुको शरीरबाट आएको पसिनाबाट पानीको मूल फुटेको र सोही पानीको एक सय आठ धारा यहाँ रहेको प्राचीन किंवदन्ती छ। समुद्री सतहबाट तीन हजार सात सय १० मिटर उचाइमा रहेको मन्दिर परिसरका धारामा बाह्रै मास पानी आइरहनुलाई धार्मिक महत्वका रुपमा हेरिन्छ।

पछिल्ला समयमा पर्यटकको बढ्दो चापलाई लक्षित गरी मुक्तिनाथको प्रवेशद्वार रानीपौवा र आसपासका क्षेत्रमा पर्यटक लक्षित पूर्वाधारका साथै सुविधा सम्पन्न होटल बन्नेक्रम बढिरहेको होटल व्यवसायी जयेश गुरुङले बताए। उनका अनुसार अहिले रानीपौवा क्षेत्रमा साना तथा ठूला गरी ३२ होटेलले सेवा दिइरहेका छन्। सामान्यदेखि राम्रो अत्याधुनिक सेवा सुविधा भएका होटेलका कारण यहाँ आउने पर्यटकलाई समस्या नहुने उनले बताए। साढे चार चार दशक अघिसम्म मुक्तिनाथको दर्शन गर्न जाने तीर्थालु आसपासका भेडी, गोठ तथा रानीपौवास्थित धर्मशालामा बस्नुपर्दथ्यो। ठाउँठाउँबाट आएका तीर्थयात्रीले त्यहाँको रानीपौवा धर्मशाला खचाखच भरिन्थ्यो। त्यस समयमा खानेकुराका साथै ओढ्ने ओछ्याउने सामग्री पनि आफैँ घरबाट लिएर जानुपर्ने बाध्यता रहेको तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं ९ का स्थानीय उमादेवी भट्टराईले अनुभव सुनाइन्। पछिल्ला वर्षमा बन्दै गएका सुविधा सम्पन्न होटेलले उक्त बाध्यताको अन्त्य गरिदिएको छ।

यहाँस्थित रानीपौवा यहाँको ऐतिहासिकताको ज्वलन्त उदाहरण पनि हो। तत्कालीन समयमा रणबहादुर शाहकी रानी सुवर्णप्रभा विसं १८६३ मा मुक्तिनाथ दर्शनका लागि पुगेछन्। रानी सुवर्णप्रभासँग मुक्तिनाथका स्वामी महाराजले दर्शनार्थीलाई तीर्थयात्राका क्रममा बास बस्न समस्या परेको अनुरोध गरेछन्।

सोही अनुरोधकै आधारमा सुवर्णप्रभाको निर्देशनमा मुक्तिनाथ मन्दिर प्रवेशको मुख्यद्वार यही रानीपौवामा धर्मशाला निर्माण गरिएको हो। स्थानीयवासीका अनुसार तत्कालीन समयमा यहाँ धर्मशाला निर्माण गर्दा कुष्मा अर्मादीका काठ प्रयोग गरिएको हो। रानीले बनाइदिएको धर्मशाला भएकाले तत्कालीन समयदेखि नै यो ठाउँको नाम रानीपौवा रहन गएको हो। तत्कालीन समयदेखि नै यो धर्मशाला मुक्तिनाथमा आउने तीर्थयात्रीलाई खान तथा बास बस्न सहज भएको स्थानीयवासी बताउँछन्। मुस्ताङमा मुक्तिनाथ मन्दिरसँगै यहाँको विविधता र हिमाली जीवन अवलोकन गर्न स्वदेशी एवं विदेशी पर्यटक आउने गरेको जनप्रीय युवा क्लब ठिनी मुस्ताङका उपाध्यक्ष निरज थकालीले बताए। मुस्ताङमा सुविधा सम्पन्न होटेलसँगै ठाउँठाउँमा घरवास सुविधा पनि उपलब्ध भएको जानकारी दिँदै उनले केही दिन यता ठिनीस्थित थकाली सामुदायिक होमस्टे पर्यटकले भरिभराउ हुने गरेको बताए। हिमाली संस्कार र संस्कृतिलाई नजिकबाट नियाल्न सक्ने गरी होमस्टेले पर्यटकलाई लोभ्याइरहेको बताउँदै उनले परम्परागत हिमाली संस्कृतिमा आधारित घरसँगै यहाँ नजिकै रहेको हिमचितुवा गुफाले पर्यटकलाई लोभ्याइरहेको जानकारी दिए। स्थानीयले हिमाली संस्कृतिलाई जीवन्त राख्ने उद्देश्यका साथ थकाली सङ्ग्रहालय पनि सञ्चालनमा ल्याएका छन्।

ठिनीको पर्यटनसँग हिमचितुवा गुफालाई जोड्ने प्रयास गरिएको बताउँदै उनले यसको पूर्वाधार व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकारबाट यस आर्थिक वर्षमा २० लाख रुपैयाँ विनियोजन भएको बताए।

"सोह्र श्राद्धका कारण मुक्तिनाथ आउने पर्यटकसँगै यस क्षेत्रको अवलोकनका लागि उपयुक्त समय भएका कारण मुस्ताङभित्रने पर्यटकको संख्या बढ्दो क्रममा छ", उनले भने, "यही असोज १ गते बाट स्याउ टिप्न पनि खुला भएकाले यहाँ आएका पर्यटकले स्याउ कोशेलीका रुपमा लैजान सक्नेछन्।"

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९७/०८/२९ गते

स्वर्गारोहणः
वि.स. २०८१/०६/०२ गते

स्वः कमला गुरुङ (कौशी)

साविक अर्मलाकोट गाउँ घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ बाँझापटन जय नेपाल मार्ग निवासी यस बाँझापाटन तमु समाजका सक्रिय सदस्य वारेन्ट अफिसर टु श्री इन्दर सिँह गुरुङ र कान्छो छोरा क्याप्टेन श्री पितम्बर गुरुङ ममतामयी आमा **कमला गुरुङ (कौशी)** को ८४ वर्षमा भएको असामयिक निधनले हामी बाँझापाटन तमु समाज परिवार मर्माहत भएका छौं। आज उहाँको तीन दिने (सिमीकै) भात दिने दिनको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**अध्यक्ष तथा**
**बाँझापाटन तमु समाज परिवार**
**पोखरा-१३**